# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) हेटौंडा, नेपाल, असार २१ गते, २०७९ साल (अतिरिक्ताङ्क ७

## भाग १

## बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

## हेटौंडा, नेपाल

बागमती प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०७९ सालको ऐन नं. २

### प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना**: बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजस्व सङ्कलन गर्ने,

कर तथा शुल्कको दर घटाउने, बढाउने, कर लगाउने, कर छुट दिने तथा राजस्व प्रशासन सम्बन्धी कानून बनाउन वाञ्छनीय भएकाले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "प्रदेश आर्थिक ऐन, २०७९" रहेको छ।

(२) यस ऐनको दफा ६ प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि र अन्य दफाहरू संवत् २०७९ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछन्।

२. **घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुरः** (१) आर्थिक वर्ष २०७९/०८० मा बागमती प्रदेशभित्र अनुसूची-१ बमोजिम घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क रजिष्ट्रेशन गर्दाका वखत सम्बन्धित स्थानीय तहले सङ्कलन गर्नु पर्नेछ।

तर स्थानीय तहको साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको तोकिएको कार्यालयले उपदफा (१) बमोजिमको दर अनुसारको शुल्क सङ्कलन गरी बाँडफाँट गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुरको जम्मा रकमबाट अनुसूची-१ को खण्ड (क) को सि.नं.१६ बमोजिमको रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको कार्यालयबाट सङ्कलित घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का

दस्तुरको जम्मा रकमबाट अनुसूची-१ को खण्ड (ग) को सि.नं.१४ बमोजिमको रकम प्रदेश सञ्चित कोषमा जम्मा गरी बाँकी रकमको साठी प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र चालीस प्रतिशतले हुन आउने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको राजस्व बाँडफाँटको विवरण प्रत्येक महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र सम्बन्धित स्थानीय तह र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

३. **सवारी साधन कर** : (१) आर्थिक वर्ष २०७९/०८० मा बागमती प्रदेशभित्र सवारी साधन कर, सवारी चालक अनुमतिपत्र आवेदन दस्तुर, सवारी चालक अनुमतिपत्र दस्तुर, सवारी चालक अनुमतिपत्र नवीकरण दस्तुर, सवारी साधन दर्ता दस्तुर एवं सवारी साधन नवीकरण दस्तुर, बाटो इजाजतपत्र आवेदन दस्तुर तथा नवीकरण दस्तुर अनुसूची-२ बमोजिम लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सवारी साधन कर मात्र अनुसूची-२ को क्र.स. १ बमोजिमको दर अनुसार हुने कर सङ्कलन गरी प्रदेश विभाज्य कोषमा दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कार्यालयबाट सङ्कलित सवारी साधन कर बाहेक, सवारी चालक अनुमतिपत्र आवेदन दस्तुर, सवारी चालक अनुमतिपत्र दस्तुर, सवारी चालक अनुमतिपत्र नवीकरण दस्तुर, सवारी साधन दर्ता दस्तुर एवं सवारी साधन नवीकरण दस्तुर, बाटो इजाजतपत्र आवेदन दस्तुर तथा नवीकरण दस्तुर अनुसूची-२ को क्र.स. २ बमोजिमको दस्तुर

सङ्कलन गरी मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम मध्ये साठी प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा र चालीस प्रतिशतले हुने रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्राप्त सुत्र बमोजिम बाँडफाँट गरी सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

४. **<u>मनोरञ्जन कर</u>**ः (१) आर्थिक वर्ष २०७९/०८० मा बागमती प्रदेशभित्रको चलचित्र घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थियटर/नाटकघर, फनपार्क, वाटर गार्डेन, बाल उद्यान, दोहोरी साँझ, डान्सबार, क्यासिनो, फुट्सल, जुम्बा, नाइट क्लव, मसाज एवं स्पा, जीपलाइन, बन्जिजम्प, स्वीमिङ्ग पुल र पार्क जस्ता मनोरन्जन स्थलमा अनुसूची-३ बमोजिमको मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन करको प्रशासन स्थानीय तहले गर्नेछ। उक्त रकम स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।

(३) अनुसूची-३ को सि.नं. १ देखि ४ मा उल्लेखित करदाताले बुझाउनु पर्ने कर महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र मनोरञ्जन कर नबुझाउने करदारतालाई सम्बन्धित स्थानीय तहले सो अवधि नाघेको तीन महिनासम्मको लागि उक्त कर रकमको दश प्रतिशत र सो अवधिभित्र पनि मनोरञ्जन कर नबुझाएमा बुझाउनु पर्ने कर रकमको पन्ध्र प्रतिशतका दरले वार्षिक ब्याज लगाई त्यस्तो रकम असुल उपर गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम विभाज्य कोषमा जम्मा भएको रकम साठी प्रतिशत स्थानीय तहको सञ्चित कोष र चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

५. **विज्ञापन कर** : (१) आर्थिक वर्ष २०७९/०८० मा बागमती प्रदेशभित्र राखिने होर्डिङ बोर्ड, साइन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेख्ने वा विद्युतीय तरंग प्रयोग गरिएको प्रचारको लागि राखिने वस्तु वा सामग्रीमा गरिने विज्ञापनमा विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) अनुसारको विज्ञापन करको दर एवं कर उठाउने प्रणाली स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको विज्ञापन करको प्रशासन स्थानीय तहले गर्नेछ। करदाताले बुझाउनु पर्ने कर महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ। उक्त रकम स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र विज्ञापन कर रकम नबुझाउने करदारतालाई सम्बन्धित स्थानीय तहले सो अवधि नाघेको तीन महिनासम्मको लागि उक्त कर रकमको दश प्रतिशत र सो अवधिभित्र पनि विज्ञापन कर नबुझाएमा बुझाउनु पर्ने कर रकमको पन्ध्र प्रतिशतका दरले वार्षिक ब्याज लगाई त्यस्तो रकम असुल उपर गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम विभाज्य कोषमा जम्मा भएको रकम साठी प्रतिशत स्थानीय तहको सञ्चित कोष र चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

६. **<u>कृषि आयमा कर</u>** : (१) आर्थिक वर्ष २०७९/०८० मा स्वघोषणा गरी आफ्नो कृषि आय प्रस्तुत गर्ने कृषकहरूको लागि कृषि आयमा कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कृषि आयमा लाग्ने करको दर तथा सीमा अनुसूची-४ बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको कर प्रशासन प्रदेश सरकारबाट हुनेछ।

(४) उपदफा (२) बमोजिमको कृषि आयमा लाग्ने कर कृषि क्षेत्र हर्ने मन्त्रालय अन्तरगतको कृषि ज्ञान केन्द्रले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

७. **<u>पर्यटन शुल्क</u>** : (१) आर्थिक वर्ष २०७९/०८० मा प्रदेश पर्यटन ऐन, २०७८ बमोजिम पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको पर्यटन शुल्क प्रदेश पर्यटन सम्बन्धी प्रचलित कानून बमोजिम तोकिएको निकाय वा कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

८. **<u>सवारीको दर्ता किताब (ब्लु बुक) दस्तुर</u>** : आर्थिक वर्ष २०७९/०८० मा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ मा भएको व्यवस्था बमोजिम सोको नियमावली नबनेसम्म सवारीको दर्ता किताब (ब्लु बुक) दस्तुर तथा अन्य विविध दस्तुरको सङ्कलन प्रचलित कानून बमोजिम हुनेछ।

९. **<u>माटो, ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्कः</u>** (१) आर्थिक वर्ष २०७९/०८० मा माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको

सङ्कलनमा अनुसूची-५ बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०७९/०८० मा नदीजन्य पदार्थ प्रशोधन गरी ढुङ्गा, गिट्टी, बालुवा, धुलो, ग्राभेल उत्पादन गर्ने उद्योगमा अनुसूची-६ बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ।

(३) आर्थिक वर्ष २०७९/०८० मा माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको उत्खनन्, सङ्कलन, प्रशोधन वा बिक्री वितरण कार्यको नियमन कार्यमा प्रचलित कानून उल्लङ्घन गरेको पाइएमा अनुसूची-७ बमोजिम जरिबाना लगाइने र असुल उपर गरिनेछ।

(४) उपदफा (१) र (३) बमोजिमको शुल्क र जरिबाना स्थानीय तहले सङ्कलन गर्नेछ। उक्त रकम स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिमको शुल्क सम्बन्धित उद्योग दर्ता रहेको घरेलु तथा साना उद्योग कार्यालयले सङ्कलन गर्नेछ। उक्त रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम बाँडफाँट गरी साठी प्रतिशत स्थानीय तहको सञ्चित कोष र चालीस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(७) नदीजन्य पदार्थ प्रशोधन उद्योग प्रचलित मापदण्ड विपरीत सञ्चालन भएको भए यो ऐन प्रारम्भ भएको छ महिनाभित्र औद्योगिक क्षेत्र, स्थानीय उद्योग ग्राम वा प्रचलित कानून र मापदण्ड बमोजिमको क्षेत्रमा उद्योग स्थानान्तरण वा ठाँउसारी

गरेमा तोकिए बमोजिमको प्रमाण पेस भएका आधारमा देहाय बमोजिम छुट सहुलियत प्रदान गरिनेछ।

(क) मापदण्ड विपरीत क्रशिङ वासिङ्ग उद्योग सञ्चालन गर्दा हुने जम्मा वार्षिक जरिबानामा नब्बे प्रतिशत छुट,

(ख) नदीजन्य पदार्थ प्रशोधन उद्योग दर्ता शुल्कमा पचास प्रतिशत छुट,

(ग) नदीजन्य पदार्थ प्रशोधन उद्योगको जम्मा नवीकरण शुल्कमा पचहत्तर प्रतिशत छुट।

(८) स्थानीय तहले प्रचलित कानूनमा तोकिएको दरमा नघट्ने गरी उपदफा (१) बमोजिमको सामग्रीमा बिक्री मूल्य तोक्न सक्नेछ।

(९) यस दफा बमोजिम माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख, दहत्तर बहत्तर, नदीजन्य, खानीजन्य तथा प्राकृतिक स्रोतको व्यवस्थापन सम्बन्धी कार्यविधि प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ। प्रदेश सरकारले निर्धारण गरेको कार्यविधिको उल्लङ्घन गरेमा अनुसूची-७ बमोजिमको जरिबाना लाग्नेछ।

**१०.** **<u>जरिबाना</u>** : (१) प्रदेशभित्र कुनै व्यक्ति, संस्था वा निकायले प्रदेश कानूनको उल्लङ्घन गरेको पाइएमा प्रदेश सरकारले दण्ड तथा जरिबाना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको दण्ड जरिबानाको दर प्रचलित कानून बमोजिम हुनेछ।

**११.** **<u>अन्य राजस्व</u>** : (१) प्रदेश सरकारको विभिन्न मन्त्रालय मातहत रहेका कार्यालयहरूको कार्य प्रकृति अनुसार वस्तु तथा सेवा प्रवाहको माध्यमबाट सङ्कलन हुने दर्ता शुल्क, बिक्री मूल्य वा

शुल्क तथा दस्तुर प्रदेश कानूनमा निर्धारण भई नसकेको अवस्थामा प्रचलित कानूनमा उल्लेख भएको दरमा सङ्कलन गर्नु पर्नेछ।

(२) शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा र भाषा शिक्षण सञ्चालित अनुमति तथा नवीकरण शुल्क अनुसूची-८ बमोजिम लगाइने र असुल उपर गरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम सङ्कलन भएको कर तथा गैर कर राजस्व रकम राजस्व व्यवस्थापन प्रणाली मार्फत मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गरी सोको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

१२. **दर घटाउन, बढाउन वा छुट दिन सक्ने** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइने दस्तुर, शुल्क, महशुल र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ। त्यस्तो दर घटाएको, बढाएको वा छुट दिएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क, महशुल र कर रकम असुल उपर गरी सो रकम बराबर जरिबाना गरिनेछ।

१३. **<u>प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने</u>** : प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल् पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित ऐन तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

१४. **<u>प्रदेश पर्यटन ऐन, २०७८ मा संशोधनः</u>** प्रदेश पर्यटन ऐन, २०७८ को अनुसूची-१ को तालिकाको सि.नं. ६ पछि देहायको सि.नं. ७ राखिएको छ :

<table>
<tr><th rowspan="3">सि.नं.</th><th rowspan="3">होटेलको किसिम</th><th rowspan="3">दर्ता शुल्क रु.</th><th colspan="4">नवीकरण शुल्क रु.</th><th rowspan="3">कैफियत</th></tr>
<tr><th rowspan="2">म्यादभित्र</th><th colspan="3">म्याद नाघेको</th></tr>
<tr><th>तीन महिना सम्म थप</th><th>छ महिना सम्म थप</th><th>एक वर्षसम्म थप</th></tr>
<tr><td>७</td><td>होटलभित्र छुट्टै व्यवसायको रुपमा सञ्चालन भएका डान्सबार, मोटल, कफिसप, साउना, ज्याकुजी सेन्टर, जीम कल्ब, स्वीमिङ्ग पूल, हेल्थ कल्ब, ब्युटिपार्लर, नाइट क्लब</td><td>५,०००/-</td><td>५,०००/-</td><td>२५%</td><td>५०%</td><td>१००%</td><td>सोभन्दा पछि प्रत्येक वर्ष १००% का दरले थप</td></tr>
</table>

१५. **<u>प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ मा संशोधनः</u>** प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा

१७३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः

"(१) सवारी धनिले आफ्नो नाममा दर्ता भएको सवारी साधनमा लाग्ने कर प्रत्येक आर्थिक वर्षको दर्ता नवीकरण गर्ने म्यादभित्र वुझाई सक्नु पर्नेछ।"

१६. **<u>प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ मा संशोधनः</u>**(१) प्रादेशिक व्यापार तथा व्यावसाय सम्बन्धी ऐन, २०७६ को दफा १५ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ।

"(३) यदि कुनै साझेदारी फर्मले काबु बाहिरको परिस्थिति सिर्जना भई पैतीस दिनभित्र फर्मको नवीकरण गर्न नसकेमा दर्ता गर्ने निकायले अनुसूची-५ बमोजिमको दस्तुर लिई नवीकरण गरिदिन सक्नेछ।"

(२) प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ को अनुसूची-५ को सट्टा देहायको अनुसूची-५ राखिएको छ।

"अनुसूची-५

(दफा १५ को उपदफा (१) र (३) सँग सम्बन्धित)

साझेदारी फर्म नवीकरण दस्तुर

| सि.नं. | पुंजी | फर्म नवीकरण दस्तुर | | एक वर्ष नाघेपछि | |
|---|---|---|---|---|---|
| | | पैतीस दिन भित्र | एक वर्ष सम्म | दस्तुर | थप जरिबाना (प्रतिवर्ष) |
| १. | एक लाख रुपैयाँसम्म | १५०/- | ६००/- | ६००/- | १५०/- |
| २. | एक लाख रुपैयाँभन्दा बढी तीन लाख रुपैयाँसम्म | २००/- | ८००/- | ८००/- | २००/- |
| ३. | तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | ३५०/- | १४००/- | १४००/- | ३५०/- |
| ४. | पाँच लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | ६००/- | २४००/- | २४००/- | ६००/- |
| ५. | बीस लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | १०००/- | ४०००/- | ४०००/- | १०००/- |
| ६. | एक करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | १६००/- | ६४००/- | ६४००/- | १६००/- |
| .७ | पाँच करोड रुपैयाँभन्दा बढी | ३०००/- | १२०००/- | १२०००/- | ३०००/-" |

**१७. <u>घर जग्गा रजिष्ट्रेशन शुल्क सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) काठमाडौं उपत्यका भित्रका मालपोत कार्यालयहरूबाट घर जग्गा कारोबार हुँदा आर्थिक ऐन, २०७५ बमोजिम दाखिला गर्नुपर्ने बागमती सभ्यता शुल्क मध्ये मिति २०७५/०४/१४ देखि २०७५/०४/३१ सम्ममा लिखत रजिष्ट्रेशन गर्दा विविध कारणले सङ्कलन हुन छुट भएको बागमती सभ्यता शुल्क मिनाहा गरिएको छ।

(२) काठमाडौं उपत्यकाभित्र रहेका उत्पादनमूलक उद्योगहरूले बागमती प्रदेशका अन्य जिल्लामा उद्योग स्थानान्तरण गरेमा उद्योगको नाममा जग्गा खरिद गर्दा लाग्ने घर जग्गा रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ।

**१८. सवारी साधन कर छुट सम्बन्धी विशेष ब्यवस्थाः** (१) बागमती प्रदेशभित्रका यातायात व्यवस्था कार्यालयमा दर्ता भएको मोटरसाइकल तथा स्कुटर एवं दुई पाँग्रे सवारी साधनको आर्थिक वर्ष २०७०/०७१ देखि आर्थिक वर्ष २०७५/०७६ सम्म तोकिए बमोजिम कर दाखिला र नवीकरण समेत नगरेका सवारी धनीले संवत् २०७९ साल फागुन मसान्तभित्र सवारी साधन कर बुझाउन आएमा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ वा प्रचलित कानून बमोजिम लाग्ने सो अवधिको जरिबाना छुट हुनेछ।

(२) प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा ३१ मा जुनसुकै कुरा लेखिएको भए तापनि संवत् २०७९ फागुन मसान्तभित्र कुनै सवारी साधन धनीले अन्य प्रदेशमा दर्ता रहेको सवारी साधन यस प्रदेशमा सार्न चाहेमा सक्कल व्लु बुक सहित निवदेन दिन सक्नेछ। यसरी निवेदन प्राप्त भएमा सम्बन्धित यातायात व्यवस्था कार्यालयले यातायात सूचना प्रणालीमा उक्त सवारी साधनको अभिलेख रहेको यकिन गरी आर्थिक ऐन बमोजिम लाग्ने सवारी साधन कर लिई साबिककै दर्ता नम्वर कायम हुने गरी स्थानान्तरण गर्न सक्नेछ। स्थानान्तरण गर्दा कार्यालयमा पेस गरेको व्लु बुक लगायत कागजातको आधिकारिकता सम्बन्धित सवारी साधन धनीबाट स्वघोषणा तथा कबुलियत गराउनु पर्नेछ। यसरी स्थानान्तरण गर्दा सवारी साधन दर्ता शुल्क लाग्ने छैन। साथै स्थानान्तरण भएको सवारी साधनको विवरण साबिकमा सवारी दर्ता भएको यातायात व्यवस्था कार्यालयमा पठाउनु पर्नेछ।

(३) बागमती प्रदेशभित्र रहेका यातायात व्यवस्था कार्यालयमा यातायात सेवाको पञ्जिकृत गर्न मिति २०७९ को

मंसिर मसान्तभित्र सेवा पञ्जिकृत गरेमा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ बमोजिम लाग्ने जरिबानामा पचास प्रतिशत छुट गरिनेछ।

(४) बागमती प्रदेशभित्र विद्युतीय सूचना प्रणालीबाट सञ्चालित गरिएको राइड सेयरिङ्ग एपमा निजी नम्वरका सवारी साधन भाडा लिने प्रयोजनमा प्रयोग गरी सेवा दिने संस्थाले तोकिएको दस्तुर सम्बन्धित यातायात व्यवस्था कार्यालयमा बुझाई अनुमति लिई सञ्चालित गर्नु पर्नेछ। अनुमति सम्बन्धी प्रक्रिया प्रदेश सरकारको यातायात हेर्ने मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

तर यो ऐन प्रारम्भ हुनु अघि राइड सेयरिङ्ग एप प्रयोग गरी विद्युतीय सूचना प्रणालीबाट सञ्चालनमा रहेका संस्थाले संवत् २०७९ साल चैत मसान्तभित्र अनुमति लिनु पर्नेछ।

(५) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा नेपाल स्थित कुटनैतिक नियोग तथा दातृ संस्था/कार्यालय/ आयोजनाबाट हस्तान्तरण भई यातायात व्यवस्था कार्यालयमा कुटनैतिक नम्बर प्लेटमा दर्ता भएका सवारी साधनहरूलाई सरकारी सवारी नम्वरमा प्लेटमा परिवर्तन गर्ने गरी दर्ता गर्न सम्बन्धित कार्यालयले सिफारिस पत्र सहित अनुरोध गरेमा त्यस्तो सवारी साधनलाई सरकारी सवारी सरह कायम हुने गरी दर्ता गरिनेछ।

१९. **<u>प्रादेशिक व्यापार तथा व्यावसाय शुल्क सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ तथा प्रचलित कानून बमोजिम बागमती प्रदेशभित्र दर्ता भएका औद्योगिक तथा व्यापारिक प्राइभेट फर्मको नवीकरण म्याद समाप्त भइसकेको पाँच वर्ष वा सोभन्दा बढी भएका र हाल सञ्चालनमा नरहेको

भनी सम्बन्धित उद्योगी/व्यवसायीहरूले स्वघोषणा गरी संवत् २०७९ साल फागुन मसान्तभित्र नवीकरण गर्न आएमा त्यस्ता फर्म/उद्योगहरूको हकमा तोकिएको जरिबाना छुट दिई शुल्क मात्र लिई नवीकरण गरिनेछ।

(२) संवत् २०७० साल चैत मसान्तसम्म नवीकरण हुन नसकेका व्यापारिक तथा औद्योगिक तर्फका प्राइभेट तथा साझेदारी फर्महरूले सम्बन्धित आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयबाट जारी भएको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरी संवत् २०७९ साल फागुन मसान्तभित्र निवेदन दिएमा दुई हजार रुपैयाँ दस्तुर मात्र लिई खारेजी गरिनेछ।

(३) प्रदेश सरकारको प्रचलित कानून बमोजिम महिला, दलित समुदाय, अपाङ्ग र विपन्न वर्गका व्यक्तिले प्राइभेट फर्म रजिष्ट्रेशन गर्न चाहेमा त्यस्तो फर्म रजिष्ट्रेशन गर्दा प्रचलित प्रादेशिक कानून बमोजिम लाग्ने दस्तुरमा पचास प्रतिशत छुट हुनेछ।

तर यस उपदफा बमोजिम फर्म रजिष्ट्रेशन गर्नका लागि दलित समुदाय, अपाङ्ग र विपन्न वर्गका व्यक्तिका हकमा नेपाल सरकारको सम्बन्धित निकाय वा स्थानीय तहबाट जारी गरिएको दलित समुदाय, अपाङ्ग वा विपन्न वर्ग पहिचान हुने प्रमाणपत्र वा सिफारिसको प्रतिलिपि समेत पेस गरेको हुनुपर्नेछ।

(४) कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भई घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता हुन आउने उद्योग तथा व्यापारिक फर्महरूलाई प्रादेशिक व्यापार तथा व्यावसाय सम्बन्धी ऐन, २०७६ को अनुसूची-२ बमोजिम दर्ता दस्तुर लाग्नेछ।

२०. **पर्यटन शुल्क छुट सम्बन्धी विशेष व्यवस्थाः** प्रचलित कानून बमोजिम प्रदेशभित्र दर्ता भई सञ्चालनमा रहेका ट्राभल, ट्रेकिङ्ग, जलयात्रा, पर्यटक यातायात लगायतका पर्यटन व्यवसाय तथा एजेन्सीहरूले विविध कारणले आर्थिक वर्ष २०७०/०७१ देखि इजाजतपत्र नवीकरण गराउन नसकेको भए इजाजतपत्र प्राप्त व्यक्तिले संवत् २०७९ साल फागुन मसान्तसम्म त्यस्तो इजाजतपत्र नवीकरण गराउन निवेदन दिएमा तोकिए बमोजिम लाग्ने नवीकरण शुल्क र शतप्रतिशत थप दस्तुर लिई एक पटकका लागि नवीकरण गरिनेछ।

# अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

## घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर

(क) घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क

| सि.नं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको दस्तुर | उपमहानगरपालिका र नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| १. | राजीनामा, सट्टापट्टा ,सगोलनामा र छोडपत्रको लिखत | | | |
| क. | राजीनामा, सट्टापट्टा र सगोलनामाको लिखतको थैली अङ्कमा | ५% | ४.५% | ३% |
| ख. | सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अङ्कमा | ५% | ४.५% | ३% |
| ग. | सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घर जग्गाको लिखतको थैली अङ्कमा | ५% | ४.५% | ३% |
| घ. | छोडपत्र (आफ्नो हक हिस्सा बराबरको) थैली अङ्कमा | | | |
| | (अ) तीन पुस्ताभित्रको | बकसपत्र सरह | | |
| | (आ) तीन पुस्ता बाहिरको | ५% | ४.५% | ३% |
| २. | दर्ताफारी (संयुक्त दर्तावाला वीचको) लिखतको थैली अङ्कमा | ३% | २.५% | २% |
| ३. | हालैदेखिको वकसपत्रको लिखतको थैली अङ्कमा | | | |

| | | | | |
|---|---|---|---|---|
| क. | बाजे, बज्यै, आमा, बाबु, पति, पत्नी, दाजु, भाउजू ,भाइ, भाइबुहारी, दिदी, बहिनी, छोरा, धर्मपुत्र, छोरा-बुहारी, छोरी, धर्मपुत्री, छोरी-ज्वाँइ, सासु-ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनीबुहारी, काका-काकी, मामा-माइजू, भान्जा-भान्जी, ठूलोबुवा, ठूलीआमा (बावु तर्फका), आमाजु, नन्द, सौता-सौता र एकै दाजु-भाइ दिदी-भाइको छोरा, छोरी, फूपू र भदा-भदै बीच। | | | |
| | (अ) एक लाखसम्मको थैली अङ्कमा | २% | %१.५ | १% |
| | (आ) एक लाखभन्दा माथि जतिसुकै थैली अङ्कमा | २.५% | %२ | %१ |
| ख. | अन्य वकसपत्र र दानपत्रको थैली अङ्कमा | १५% | %१५ | %१० |
| | **<u>स्पष्टीकरणः</u>** सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश सरकारका कार्यालय, स्थानीय तह तथा नेपाल सरकार तथा प्रदेश सरकारको गठन आदेशबाट गठित समिति, बोर्ड, प्रतिष्ठान, सस्थान, आयोग तथा आयोजना र प्रदेश सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै शुल्क लाग्ने छैन। | | | |
| ४. | **<u>अंशवण्डा तथा अंश भर्पाईको लिखतमा</u>** | | | |
| क. | पचास लाखसम्मको थैली अङ्कमा | .०३% | .०३% | .०३% |
| ख. | पचास लाखभन्दा बढी तीन करोडसम्मको थैली अङ्कमा | .०४% | .०४% | .०४% |
| ग. | तीन करोडभन्दा माथिको थैली | ०.५% | %०.५ | %०.५ |

| | | | | |
|---|---|---|---|---|
| | अङ्कमा | | | |
| ५. | **मानो छुट्टिएको र मानो जोडिएको लिखत** | | | |
| क. | मानो छुट्टिएको प्रति लिखत | १५०००/- | ११०००/- | ५०००/- |
| ख. | मानो जोडिएको प्रति लिखत | ३००००/- | २८०००/- | १५०००/- |
| ६. | **शेषपछिको बकसपत्रको लिखत शेषपछिको बकसपत्र/अष्टलोहको प्रति लिखत** | | | |
| क. | तीन पुस्ताभित्रको | १००००/- | ८०००/- | ७०००/- |
| ख. | तीन पुस्ताबाहिरको | १५०००/- | १२०००/- | ११०००/- |
| ७. | **शेषपछिको बकसपत्र संशोधन वा रद्द गर्दा** | | | |
| क. | शर्त संशोधन | २०००/- | १५००/- | १०००/- |
| ख. | बकसपत्र रद्द | २५००/- | २०००/- | १५००/- |
| ८. | **अन्य लिखत** | | | |
| क. | रकम खुलेकोमा | ४% | ३% | २% |
| ख. | रकम नखुलेकोमा | ७०००/- | ६०००/- | ३०००/- |
| ९. | **धितो/दृष्टिवन्धकीको लिखत** व्यक्तिगत दृष्टीवन्धकी, भोगवन्धकी र लख वन्धकीको लिखतको थैली अङ्कमा | %१ | १% | १% |
| १०. | **अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत** | २०००/- | २०००/- | २०००/- |
| ११. | **कपाली तमसुक र करारनामाको लिखत** दाखिल खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत थैली अङ्कमा | %१ | १% | १% |
| १२. | गुठी स्थापना गरेको लिखत (प्रति लिखत) | ४०००/- | ३०००/- | २०००/- |
| १३. | गुठी नवीकरण | ३०००/- | २०००/- | १०००/- |
| १४. | मासिक एक लाखभन्दा बढी | %१ | १% | १% |

| | | | | |
|---|---|---|---|---|
| | घर बहाल लिनु दिनु गरेको लिखत थैली अङ्कमा | | | |
| १५. | अचल सम्पत्ति फलोपभोग भएको लिखत थैली अङ्कमा | ०%२५. | ०.२५% | ०.२५% |

## १६. वेजिल्ला/वेइलाका पारित सम्बन्धी व्यवस्थाः

| सि. नं. | लिखतको प्रकार | वेजिल्ला पारितको राजस्व दस्तुर | | |
|---|---|---|---|---|
| | | रजिष्ट्रेशन दस्तुर | प्रदेशभित्र वेजिल्ला दस्तुर सम्बन्धित प्रदेशभित्र | प्रदेश बाहिर |
| क. | राजीनामा, सट्टापट्टा, संगोलनामा, छोडपत्र, दर्ताफारी, हालैको वकसपत्र, मानो जोडिएको, छुट्टिएको, शेषपछिको वकस पत्र, अष्टलोह, बन्धकीको लिखत, कपाली तमसुक र करारनामाको लिखत वेजिल्ला वेइलाका पारित हुने। | अनुसुची-१ मा तोकिए बमोजिमको शुल्क सम्बन्धित जग्गा भएको मालपोतकै खातामा जम्मा गरेको भौचर पेस गर्नुपर्ने। | अनुसूची-१ बमोजिम घर जग्गा रजिष्ट्रेशन शुल्कको थप दश प्रतिशत लिई पास पारित हुने मालपोतको खातामा जम्मा गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ। | थप तीन प्रतिशत पास पारित हुने मालपोतको खातामा जम्मा गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ। |
| ख. | अंशवण्डा तथा अंश भरपाईको लिखत वेजिल्ला दस्तुर। | अनुसुची-१ मा तोकिए बमोजिमको शुल्क सम्बन्धित जग्गा भएको मालपोतकै खातामा जम्मा गरेको भौचर पेस गर्नुपर्ने। | - | - |

**स्पष्टीकरणः** काठमाडौ उपत्यकाभित्रका (काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला) मालपोत कार्यालयहरूविच वेजिल्ला र वेइलाका तथा चितवन जिल्लामा बेइलाका लिखत पारित हुने छैन। वेजिल्ला/बेइलाकाको लिखत पारित गर्दा ससिम पारित गर्नु पर्नेछ।

(ख) <u>सेवा शुल्कः</u>

| सि.नं. | लिखतको प्रकार | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको दस्तुर | उपमहानगरपालिका र नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| १. | लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा प्रति लिखत डोर शुल्कदस्तुर/ | | | |
| क. | काठमाण्डौ उपत्यका क्षेत्रमा | २००००/- | १५०००/- | १००००/- |
| ख. | अन्य क्षेत्रमा | १५०००/- | १००००/- | ५०००/- |
| २. | वित्तीय धितोः<br>नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृत प्राप्त बैंकवित्तीय तथा सहकारी , संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | |
| क. | रु. पाँच लाखसम्मको लिखतको थैली अङ्कमा (सहकारी बाहेक) | २०००/- | २०००/- | २०००/- |
| ख. | रु. पाँच लाखभन्दा वढी रु. दश लाखसम्मको लिखतको थैली अङ्कमा | २५००/- | २५००/- | २५००/- |
| ग. | रु. दश लाखभन्दा बढी रु. बीस लाखसम्मको लिखतको थैली अङ्कमा | ५०००/- | ५०००/- | ५०००/- |
| घ. | रु. बीस लाखभन्दा बढी रु. पचास लाखसम्मको लिखतको थैली अङ्कमा | ८०००/- | ८०००/- | ८०००/- |
| ङ. | रु. पचास लाखभन्दा बढी रु. एक करोडसम्मको लिखतको थैली अङ्कमा | २५,०००/- | २५,०००/- | २५,०००/- |
| च. | रु. एक करोडभन्दा बढी रु. दुई करोडसम्मको लिखतको थैली अङ्कमा | ५०,०००/- | ५०,०००/- | ५०,०००/- |

| | | | | |
|---|---|---|---|---|
| छ. | रु. दुई करोडभन्दा बढी रु. पाँच करोडसम्मको लिखतको थैली अङ्कमा | ७५,०००/- | ७५,०००/- | ७५,०००/- |
| ज. | रु. पाँच करोडभन्दा बढी रु. दश करोडसम्मको लिखतको थैली अङ्कमा | ११०,०००/- | ११०,०००/- | १००,०००/- |
| झ. | रु. दश करोडभन्दा बढी रु. पन्ध्र करोडसम्मको लिखतको थैली अङ्कमा | १,२५,०००/- | १,२५,०००/- | १,२५,०००/- |
| ञ. | रु. पन्ध्र करोडभन्दा बढी रु. बीस करोडसम्मको लिखतको थैली अङ्कमा | १,५०,०००/- | १,५०,०००/- | १,५०,०००/- |
| ट. | रु. बीस करोडभन्दा बढी रु. पचास करोडसम्मको लिखतको थैली अङ्कमा | १,७५,०००/- | १,७५,०००/- | १,७५,०००/- |
| ठ. | रु. पचास करोडभन्दा बढी रु. एक अर्वसम्मको लिखतको थैली अङ्कमा | २,००,०००/- | २,००,०००/- | २,००,०००/- |
| ड. | रु. एक अर्वभन्दा बढी जतिसुकै लिखतको थैली अङ्कमा | ३,००,०००/- | ३,००,०००/- | ३,००,०००/- |
| ३. | **लिज** **सरकारी जग्गा लिजमा उपलब्ध गराउने** (सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को अनुसूची-१ अनुसारको शुल्क लाग्नेछ) | | | |
| ४. | **जग्गा धनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि प्रति पुर्जा :** | | | |
| क. | जग्गा धनी दर्ता श्रेस्ताको प्रमाणित प्रतिलिपि लागि | १००/- | १००/- | १००/- |
| ख. | जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपिको लागि | २०००/- | १५००/- | १०००/- |
| ग. | पुर्जाको रातो कभर बापतको | नलाग्ने | नलाग्ने | नलाग्ने |

| | | | | |
|---|---|---|---|---|
| | शुल्क | | | |
| ५. | **दाखिला खारेज शुल्क** | | | |
| क. | करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिला खारेज गर्दा | ५% | ४.५% | ३% |
| ख. | अन्य मिलापत्र/दर्ता फारी फैसला/आदेश(अंश र अपुताली बाहेक) को दाखिला खारेज गर्दा | ५% | ४.५% | ३% |
| ग. | बैंक तथा वित्तीय संस्था वा सहकारी संघ/संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैंक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाममा दाखिला खारेज गर्दाको थैली अङ्कमा | ५% | ४.५% | ३% |
| घ. | बैंक वित्तीय संघ/संस्था वा सहकारी संघ संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट बैंक तथा वित्तीय संघ/संस्था वा सहकारी संघ/संस्थाले आफ्नो नाममा दाखिला खारेज गर्दा प्रति मिसिल | १००००/- | ८०००/- | ५०००/- |
| ङ. | बैंक वित्तीय संस्था वा सहकारी संघ/संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक तथा संघ/संस्था आफैले सकार | ३५.% | २.५% | २% |

| | | | | |
|---|---|---|---|---|
| | गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | | | |
| च. | अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिला खारेज गर्दा प्रति मिसिल | ७०००/- | ५०००/- | ३०००/- |
| छ. | भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँट भई दाखिला खारेज हुन आउँदा प्रति मिसिल | १०००/- | ८००/- | ५००/- |
| ज. | शेषपछिको बकसपत्रको दाखिला खारेज | | | |
| | (अ) तीन पुस्ताभित्रको भए | अंशवण्डा सरह | अंशवण्डा सरह | अंशवण्डा सरह |
| | (आ) तीन पुस्ता बाहिरको भए (थैली अङ्कमा) | राजीनामा सरह | राजीनामा सरह | राजीनामा सरह |
| ६. | **नामसारी प्रति लिखत** | | | |
| क. | तीन पुस्ताभित्रको नामसारी गर्दा | २५००/- | २५००/- | २५००/- |
| ख. | तीन पुस्ता बाहिरको नामसारी गर्दा | ५०००/- | ५०००/- | ५०००/- |
| ७. | **हाल साबिक** | | | |
| | पुनः नापजाँच पछिको श्रेस्ता हाल साबिक तथा अद्यावधिक गर्दा प्रति मिसिल | २०००/- | १५००/- | ८००/- |
| ८. | **घर कायम** | | | |
| क. | श्रेस्ता पुर्जामा घर जनाउने प्रति निवेदन | २५००/- | २०००/- | १०००/- |
| ख. | श्रेस्ता पुर्जामा घर पाताल जनाउने | १००/- | १००/- | १००/- |
| ९. | **संशोधन दस्तुर** | | | |
| | मालपोत ऐनको २०३४ , | १०००/- | ८००/- | ६००/- |

| | | | | |
|---|---|---|---|---|
| | अनुसारको (३)७दफा मा संशोधनविवरणगर्नु पर्दा प्रति मिसिल | | | |
| १०. | **रोक्का दस्तुर** | | | |
| क. | लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भए पनि) | नलाग्ने | नलाग्ने | नलाग्ने |
| ख. | लिखत रजिष्ट्रेशन नहुनेमा | | | |
| | (अ) रु. पाँच लाखसम्मको ऋण अङ्कमा | १५००/- | १०००/- | ५००/- |
| | (आ) रु. पाँच लाखभन्दा बढी रु. दश लाखसम्म | २०००/- | १५०० /- | १०००/- |
| | (इ) रु. दश लाख माथिको जतिसुकै ऋण अङ्कमा | ३०००/- | २५००/- | २०००/- |
| | (ई) ऋण अङ्क नखुलेकोमा | ८०००/- | ६०००/- | ५०००/- |
| | **स्पष्टीकरणः** दश लाखभन्दा माथिको ऋण अङ्कमा सेवा शुल्क सि.नं. २ बमोजिम धितो बन्धकी लिखत गर्नु पर्नेछ | | | |

**(ग) विविधः**

| | |
|---|---|
| १. | अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अङ्क अनिवार्य खुलाउनु पर्नेछ। एक पटक कारोबार भएको थैली अङ्क भन्दा कम मूल्याङ्कन कायम गरी लिखत पारित गर्न पाईने छैन। |
| २. | अंशवण्डामा लिखतमा उल्लेख भएको सम्पूर्ण घर,जग्गा, घर जग्गाको आधारमा थैली अङ्क कायम गर्ने र अंश भरपाईको हकमा अंश बापत जाने घर, जग्गा वा घर जग्गाको मात्र थैली कायम हुनेछ। |
| ३. | काठमाडौं उपत्यकाभित्रका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रभित्रको पारित हुने लिखतमा घर जग्गा रजिष्ट्रेशन शुल्कको सि.नं. १, २ र ३ मा उल्लेख गरिएको रजिष्ट्रेशन लिखतको थैली अङ्कको शून्य दशमलव पाँच (०५.) प्रतिशत शुल्क बागमती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क असुल गरिनेछ।<br>चितवन जिल्लाको भरतपुर महानगरपालिका तथा मकवानपुर जिल्लाको हेटौडा उपमहानगरपालिका क्षेत्रभित्रको पारित हुने लिखतमा घर जग्गा रजिष्ट्रेशन शुल्कको सि.नं. १, २ र ३ मा उल्लेख गरिएको रजिष्ट्रेशन लिखतको थैली अङ्कको शून्य दशमलव एक पाँच प्रतिशत (०.१५%) नारायणी तथा राप्ती |

| | |
|---|---|
| | सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क असुल गरिनेछ। बागमती सभ्यता, नारायणी तथा राप्ती क्षेत्र सुधार तथा विकास शुल्क राजस्व शीर्षक नं. १४२१९ मा सङ्कलन गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ। |
| ४. | स्वदेशी लगानीका जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, डेरी, अलैंची खेती, जडीवुटी खेती एवं फलफूल उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचास प्रतिशत छुट हुनेछ। यस्तो सुविधा लिन व्यवसाय सञ्चालित भएको क्षेत्रको स्थानीय तहको सिफारिस तथा व्यवसाय सञ्चालन अनुमति लिएको कागजात पेस गर्नु पर्नेछ।<br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिबाना गर्नु पर्नेछ। |
| ५. | स्वदेशी लगानीका सामूहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सोमा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ।यस्तो सुविधा लिन व्यवसाय सञ्चालित भएको क्षेत्रको स्थानीय तहको सिफारिस तथा व्यवसाय सञ्चालन अनुमति लिएको कागजात पेस गर्नु पर्नेछ।<br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिबाना गर्नु पर्नेछ। |
| ६. | स्वदेशी लगानीका सूर्ती, गुड्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्ने उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ। यस्तो सुविधा लिन व्यवसाय सञ्चालित भएको क्षेत्रको स्थानीय तहको सिफारिस तथा व्यवसाय सञ्चालन अनुमति लिएको कागजात पेस गर्नु पर्नेछ।<br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिबाना गर्नु पर्नेछ। |

| | |
|---|---|
| ७. | कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र आन्तरिक राजस्व विभागबाट स्वीकृत प्राप्त अवकाश कोषमा नियमित वचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको दृष्टि बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ। तर सेवा शुल्क रु. दुई हजार रुपैयाँ लाग्नेछ। |
| ८. | (क) सहकारी ऐन, २०७४ तथा बागमती प्रदेशको प्रदेश सहकारी ऐन, २०७६ र बागमती प्रदेशभित्रका स्थानीय तहको कानून बमोजिम दर्ता भई सञ्चालितमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरूबीच ऋण लगानी/प्रवाह गर्दा पाँच लाख रुपैंयासम्मको थैली अङ्कमा रोक्का दस्तुर बाहेक सेवा शुल्क बापत रु. एकहजार रुपैयाँ लाग्नेछ।सोभन्दा माथिको थैली अङ्कमा खण्ड (ख) सेवा शुल्क महलको सि.नं. २ बमोजिमको सेवा शुल्क लाग्ने छ। |
| | (ख) बैकिङ्ग तथा वित्तीय व्यवसाय र वीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरू साथै सहकारी संघ/संस्थाहरू एक आपसमा गाभिएमा संस्थाहरूले सो प्रयोजनका लागि घर जग्गा एकीकृत गर्दा संशोधन दस्तुर बाहेक अन्य दस्तुर/शुल्क लाग्ने छैन। |
| ९. | जनआन्दोलन, सशस्त्र संघर्ष र मधेश आन्दोलनमा सहादत प्राप्त गरेका शहिद र वेपत्ता पारिएका व्यक्तिको आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता-पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा परिचयपत्र वा आश्रित परिवारको स्थायी ठेगाना भएको स्थानीय तहको सिफारिस पेस गरेमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको दस्तुर र शुल्क पूर्णरुपमा छुट हुनेछ। |
| १०. | अपाङ्गता भएका व्यक्ति, दलित एवं पिछडिएका तथा अल्पसंख्यक, सीमान्तकृत जाति भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिस वा आधिकारिक प्रमाणका आधारमा तिनिहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। |
| ११. | (क) महिला, सत्तरी वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक र बुवा आमा विहिन नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। तर एकल महिलाको हकमा भने पैंतीस प्रतिशत छुट हुनेछ। |
| | (ख) गाउँपालिकाको क्षेत्रभित्रको जग्गामा महिलाको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पैंतीस प्रतिशत छुट हुनेछ |

| | |
|---|---|
| | **(ग) देहायको स्थानमा पचास प्रतिशत छुट हुनेछ।** |
| | (अ) रसुवा जिल्लाका स्याफ्रु, लाङ्टाङ, बृद्धिम, थुमन, टिमुरे, यार्सा, समरथली, भोर्ले, धैबुङ्ग, राम्चे, हाकु, लहरेपौवा, ठूलोगाउँ, डाँडागाउँ, गत्लाङ्ग, चिलिमे र गोल्जुङ्ग साबिकको गाउँ विकास समितिको हकमा। |
| | (आ) दोलखा जिल्लाका लामाबगर, गौरीशंकर, आलम्पु, मार्वु, स्यामा, विगु, खारे र चिलंखा साबिकको गाउँ विकास समितिको हकमा। |
| | (इ) धादिङ जिल्लाका सेर्तुङ, तिप्लीङ, री, लप्पा, ओलाङ, सत्यदेवी, दार्खा, वसेरी, बुढाथुम, मूलपानी, फूलखर्क, सल्यानकोट र गुम्दी साबिकको गाउँ विकास समितिको हकमा। |
| | (ई) सिन्धुपाल्चोक जिल्लाको तातोपानी, गुम्वा, गोल्चे र फुल्पीङकट्टी साबिकको गाउँ विकास समितिको हकमा |
| | (घ) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा साबिकको थैली अङ्क कायम गरी सो संगोलनामाको लिखतमा रु. एकसय रुपैयाँ मात्र रजिष्ट्रेशन दस्तुर लाग्नेछ। |
| | (ङ) तीनसय जनाभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा पचास प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिबाना गर्नु पर्नेछ। |
| १२. | भूमिहीन मुक्त कमैया र मुक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर पूर्ण रुपमा छुट हुनेछ। |
| १३. | बैंक, वित्तीय एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिला खारेज गर्नु पर्दा सेवा दस्तुर असुल गर्ने प्रयोजनको लागि मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैंक, वित्तीय एवं सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नु पर्नेछ। |
| १४. | मालपोत कार्यालयहरूले सङ्कलन गर्ने घर जग्गा रजिष्ट्रेशन शुल्क मध्येबाट मालपोत/भूमि सुधार/नापी कार्यालयहरूको संस्थागत सुदृढीकरण तथा श्रेस्ता व्यवस्थापनको लागि दुई (२%) प्रतिशत कट्टा गरी सो समेत प्रदेश सञ्चित |

| | |
|---|---|
| | कोषमा दाखिला गर्नु पर्नेछ। |
| १५. | सहकारी ऐन, २०७४ तथा बागमती प्रदेशको प्रदेश सहकारी ऐन, २०७६ बमोजिम दर्ता भएका सहकारी संघ/संस्थाहरूले संस्थाको प्रयोजनका लागि मात्र काठमाडौं उपत्यकामा १ रोपनी, पहाडी क्षेत्रमा २ रोपनी र अन्यमा ३ कठ्ठासम्म जग्गा र भवन खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क सम्बन्धित स्थानीय तह र सहकारी हेर्ने मन्त्रालयको सिफारिसमा आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृतीमा पूर्ण रुपमा छुट हुनेछ।<br>तर त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असुल उपर गरिनेछ। |
| १६. | विविधको सि. नं. ९, १०, ११ र १२ बमोजिम छुट दिँदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी हुने कुनै एकमात्र छुट दिइने छ। |
| १७. | एउटै कारोबारबाट दश लाख रुपैंया वा सोभन्दा माथिको घर वा जग्गा खरिद बिक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट/बैंक ग्यारेन्टी/ई पेमेण्ट/ राष्ट्र बैंकको निर्देशिका बमोजिम) भनी छाप लागेको चेकको फोटोकपी पेस गरेपछि वा बिक्रेताका नाममा बैकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेस गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नेछ। |
| १८. | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिईनेछ। |
| १९. | तीन पुस्ताभित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा सि. नं. २ मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ। |
| २०. | नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नु पर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| २१. | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै निकायलाई निःशुल्क रुपमा प्राप्त भएमा वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि निकायले खरिद गरी लिएमा सोमा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| २२. | वैदेशिक रोजगारीबाट बैंकिङ्ग प्रणाली मार्फत रेमिटयान्स प्राप्त भएको बैंकको |

| | |
|---|---|
| | प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिटयान्सबाट खरिद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ। तर एकासंगोल परिवारको नाममा बाहेक खरिद हुने जग्गाको लिखतको हकमा यो प्रावधान लागू हुने छैन। |
| २३. | गुठी संस्था दर्ता गर्दा सेवा शुल्क बापत रु. एकहजार रुपैयाँ लाग्नेछ। |
| २४. | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम मालपोत कार्यालयबाट सङ्कलित रजिष्ट्रेशन दस्तुर बापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको क-२.६ विविध खातामा जम्मा गरी प्रत्येक महिना समाप्त भएपछि सङ्कलित रकमको चालीस प्रतिशत प्रदेशलाई र साठी प्रतिशत सम्बन्धित स्थानीय तहहरूलाई बाँडफाँट गर्नु पर्नेछ। |
| २५. | विविधको सि.नं. ४, ५ र ६ को छुट पाउने संस्था वा निकायले आफ्नो निकायको कार्यप्रकृतिसँग सम्बन्धित कागजातको साथै सो प्रमाणित हुने सम्बन्धित स्थानीय तहको सिफारिस पनि अनिवार्य रुपमा पेस गर्नु पर्नेछ र सि .नं.११ (ङ) को हकमा सम्बन्धित स्थानीय तहको अतिरिक्त श्रम तथा रोजगार कार्यालयको सिफारिस समेत पेस गर्नु पर्नेछ। |
| २६. | बैंक, वित्तीय संस्था वा सहकारी संस्थाबाट दिने कर्जाको थप धितो बन्धक वा दृष्टिबन्धक लिखतमा अघिल्लो पारित लिखतमा उल्लेख गरिएको रकममा थप हुने रकम समेत जोडी कायम हुने कुल धितो रकमको आधारमा सेवा शुल्क लाग्नेछ। |
| २७. | भूमिसुधारमालपोत कार्यालय अन्तर्गतबाट प्रवाह हुने सेवा/हरू प्राप्त गर्नको लागि कारागारमा रहेका कैदीबन्दी तथा थुनुवा समेतको निवेदन प्राप्त हुन आएमा सम्बन्धित कारागार प्रमुख वा तोकिएको कर्मचारीले सो निवेदन सम्बन्धित भूमिसुधार मालपोत/कार्यालयमा पठाइ तहाँबाट प्राप्त अनुरोध सहितको पत्र तथा कागजातमा कारागार रहेको क्षेत्रको भूमिसुधारमालपोत/ कार्यालयका कर्मचारीबाट सही सनाखत गराउन डोर खटाउन सकिनेछ। यसरी सनाखत गराउँदा कारागार प्रमुख वा निजले तोकेको कर्मचारीको रोहबरमा गर्नु पर्नेछ। |

अनुसूची-२

(दफा ३ सँग सम्बन्धित)

**सवारी साधन कर, सवारी चालक अनुमतिपत्र दस्तुर, बाटो इजाजत पत्र दस्तुर तथा आवेदन तथा नवीकरण शुल्क**

## क. सं. १. सवारी साधन कर

| सि.न. | सवारी साधनको विवरण | वार्षिक सवारी कर |
|---|---|---|
| १. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | | |
| क. कार, जीप, भ्यान, माइक्रो बस | | |
| | (अ) १००० सि.सि. सम्म | रु. २२०००/- |
| | (आ) १००० सि.सि. भन्दा माथि १५०० सि.सि. सम्म | रु. २५०००/- |
| | (इ) १५०० सि.सि. भन्दा माथि २००० सि.सि. सम्म | रु. २७०००/- |
| | (ई) २००० सि.सि. भन्दा माथि २५०० सि.सि. सम्म | रु. ३७०००/- |
| | (उ) २५०० सि.सि. भन्दा माथि ३००० सि.सि. सम्म | रु. ५००००/- |
| | (ऊ) ३००० सि.सि. भन्दा माथि ३५०० सि.सि. सम्म | रु. ६००००/- |
| | (ऋ) ३५०० सि.सि. भन्दा माथि सवै | रु. ६५०००/- |
| ख. डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनिट्रिपर | | |
| | (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. ४००००/- |
| | (आ) ट्रिपर | रु. ३९०००/- |
| | (इ) मिनिट्रिपर | रु. ३००००/- |
| ग. ट्रेक्टर, पावरटिलर | | |
| | (अ) थ्री ह्वीलर र टेम्पो | रु. ६०००/- |
| | (आ) ट्रेक्टर | रु. ५५००/- |
| | (इ) पावरट्रिलर | रु. ४५००/- |
| | (ई) मिनिट्रक/मिनिबस | रु. २७०००/- |
| | (उ) ट्रक/बस | रु. ३५०००/- |
| घ. मोटर साइकल/स्कुटर | | |
| | (अ) सम्म .सि.सि १२५ | रु. ३०००/- |
| | (आ) १२५ सि .सि.भन्दा माथि १५० सिसम्म .सि. | रु. ५०००/- |

| | | |
|---|---|---|
| | (इ) १५० सि.सि. भन्दा माथि २२५ सिसम्म .सि. | रु. ६५००/- |
| | (ई) २२५ सि.सि. भन्दा माथि ४०० सिसम्म .सि. | रु. ११०००/- |
| | (उ) ४०० सि.सि. भन्दा माथिसम्म .सि.सि ६५० | रु२०००० ./- |
| | (ऊ) ६५० सि .सि.भन्दा माथि सवै | रु३०००० ./- |
| २. भाडामा दर्ता भएको सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | | |
| (क) | कार, जीप, भ्यान, माइक्रो बस | |
| | (अ) १००० सि.सि. सम्म | रु. ११०००/- |
| | (आ) १००० सि.सि. भन्दा माथि १५०० सि.सि. सम्म | रु. १२५००/- |
| | (इ) १५०० सि.सि. भन्दा माथि २००० सि.सि. सम्म | रु. १३५००/- |
| | (ई) २००० सि.सि. भन्दा माथि २५०० सि.सि. सम्म | रु. १४५००/- |
| | (उ) २५०० सि.सि. भन्दा माथि ३००० सि.सि. सम्म | रु. १६५००/- |
| | (ऊ) ३००० सि.सि. भन्दा माथि ३५०० सि.सि. सम्म | रु. १७५००/- |
| | (ऋ) ३५०० सि.सि. भन्दा माथि ४००० सि.सि. सम्म | रु. १९०००/- |
| | (ए) ४००१ सि.सि. भन्दा माथि सवै | रु. २२०००/- |
| (ख) | डोजर, एक्साभेटर, लोडर, रोलर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. २१०००/- |
| (ग) | ट्रिपर, | रु. १९०००/- |
| (घ) | मिनिट्रिपर | रु. १८०००/- |
| (ङ) | ट्रेक्टर, पावरटिलर | |
| | (अ) थ्री ह्वीलर र टेम्पो | रु. ६०००/- |
| | (आ) ट्रेक्टर | रु. ५५००/- |
| | (इ) पावर टीलर | रु. ४५००/- |
| | (ई) मिनिबस/मिनिट्रक | रु. १५०००/- |
| | (उ) ट्रक/बस/ पानी टयांकर | रु. २००००/- |
| | (ऊ) तेल टयांकर | रु. २२०००/- |
| | (ऋ) ग्यााँस बुलेट | रु. २५०००/- |
| ३. निजी विद्युतीय सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :- | | |
| (क) | मोटर साइकल/स्कुटर | |
| | (अ) ३५० वाटदेखि १००० वाटसम्म | रु. २०००/- |
| | (आ) १००० वाटभन्दा माथि १५०० वाटसम्म | रु. २५००/- |
| | (इ) वाट १५००भन्दा माथि | रु. ३०००/- |
| (ख) | कार, जीप, भ्यान, माइक्रो बस र बस | |

| | | |
|---|---|---|
| | (अ) १० किलोबाटभन्दा माथि ५० किलोवाटसम्म | रु. ५०००/- |
| | (आ) किलोवाट ५०भन्दा माथि किलोवाट १२५सम्म | रु. १५०००/- |
| | (इ) किलोवाट १२५भन्दा माथि देखि २०० किलोवाटसम्म | रु. २००००/- |
| | (ई) २०० किलोवाटभन्दा माथि | रु. ३००००/- |
| (ग) | सार्वजनिक विद्युतीय सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | |
| | (अ) २किलोवाट ०भन्दा माथि ५० किलोवाटसम्म | रु. ३०००/- |
| | (आ) ५किलोवाट ०भन्दा माथि किलोवाट १२५सम्म | रु. ५०००/- |
| | (इ) किलोवाट १२५भन्दा माथि देखि २०० किलोवाटसम्म | रु. १००००/- |
| | (ई) २०० किलोवाटभन्दा माथि | रु. १५०००/- |

**क.सं. २. प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ बमोजिम निम्न अनुसारको दस्तुर तोकिएको छ।**

**अ .सवारी चालक अनुमतिपत्र तथा आवेदन दस्तुर**

| वर्ग | सवारीको किसिम | आवेदन दस्तुर (रुपैयाँमा) | सवारी चालक अनुमतिपत्र, नवीकरण दस्तुर (रुपैयाँमा) | वर्ग थप (रुपैयाँमा) |
|---|---|---|---|---|
| क. A | मोटरसाईकल, स्कुटर, मोपेड (Motorcycle, Scooter, Mopped) | ५००/- | १५००/- | ५००/- |
| K | स्कुटर (Scooter) | ५००/- | १५००।— | ५००/- |
| ख B | कार, जीप, डेलिभरी भ्यान (Car, Jeep, Delivery Van) | ५००/- | २०००।— | ५००/- |
| ग C | टेम्पो, अटोरिक्सा (Tempo, Auto Rikshaw) | ५००/- | २०००।— | ५००/- |
| घ D | पावरटिलर (Powertillar) | ५००/- | २०००।— | ५००/- |
| ङ E | ट्रयाक्टर (Tractor) | ५००/- | २५००/- | ५००/- |

| | | | | |
|---|---|---|---|---|
| च<br>F | मिनिवस, मिनी ट्रक<br>(Mini Bus, MiniTruck) | ५००/- | २५००।— | ५००/- |
| छ<br>G | ट्रक, बस, लहरी<br>(Truck, Bus, Lorry) | ५००/- | ३०००।— | १०००/- |
| ज<br>H | रोडरोलर, डोजर<br>(Road Roller, Dozer)<br>H१ = Dozer<br>H२ = Road Roller | ५००/- | ३०००।— | १०००/- |
| झ<br>I | क्रेन, दम्कल, लोडर<br>I१ = Crane<br>I२ = Fire Brigade<br>I३ = Loader | ५००/- | ३०००/- | १०००/- |
| J | J1=Excavator<br>J2=Backhoe Loader<br>J3=Grader,<br>J4=Forklift, J5=Other | ५००/- | ३०००/- | १०००/- |

**स्पष्टीकरणः**

(क) सवारी चालक अनुमतिपत्र सम्बन्धी परीक्षा (लिखित तथा प्रयोगात्मक) शुल्क बापत पाँचसय रुपैयाँ लाग्नेछ।

(ख) एकभन्दा बढी वर्गको सवारी चालक अनुमतिपत्र भएका व्यक्तिका हकमा नवीकरण गर्दा सबैभन्दा बढी दस्तुर लाग्ने सवारी वर्गको नवीकरण दस्तुर लाग्नेछ र बाँकी वर्गका सवारी चालक अनुमतिपत्र स्वतः नवीकरण हुने।

(ग) सवारी चालक अनुमतिपत्रको प्रतिलिपि दस्तुर पाँचसय रुपैयाँ लाग्नेछ।

**आ. सवारी साधन दस्तुर तर्फ**

**क. सवारी साधनको दर्ता र सरुवा दर्ता दस्तुरः-**

| क्र.सं. | सवारीको वर्गीकरण | | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|---|
| १. | ठुला सवारी | | निजी | १५००/- |
| | | | सार्वजनिक | २५००/- |
| २. | मझौला सवारी | | निजी | १०००/- |
| | | | सार्वजनिक | १५००/- |
| ३. | साना | (क) कार, जीप, भ्यान, | निजी | १०००/- |

| | | | | |
|---|---|---|---|---|
| | सवारी | पिकअप, टेम्पो, पावरटिलर | सार्वजनिक | १५००/- |
| | | (ख) मोटर साइकल, स्कुटर | निजी | ५००/- |
| | | | सार्वजनिक | ५००/- |

**<u>स्पष्टीकरण :</u>** सरकारी, पर्यटक सवारी र संस्थानको सवारी साधनको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

**ख. सवारी साधन सरुवा सहमति दस्तुरः-**

| क्र.सं. | सवारीको वर्गीकरण | | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | ठुला सवारी | | २५००/- |
| २. | मझौला सवारी | | १५००/- |
| ३. | साना सवारी | (क) कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | १०००/- |
| | | (ख) मोटर साइकल, स्कुटर | ५००/- |

**ग. सवारी साधन नामसारी गर्दा गरिने सनाखत दस्तुर (प्रति सवारी) :-**

| क्र.सं. | सवारीको वर्गीकरण | | शुरु दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | ठुला सवारी | | १५००/- |
| २. | मझौला सवारी | | १०००/- |
| ३. | साना सवारी | (क) कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | ५००/- |
| | | (ख) मोटर साइकल, स्कुटर | ५००/- |

**<u>स्पष्टीकरण :</u>** सनाखतको म्याद सनाखत दस्तुर दाखिला गरेको मितिले नब्बे दिनसम्म हुनेछ। नब्बे दिनपछि पेस भएमा पहिलो तीन महिनाको लागि एकहजार रुपैयाँ जरिबाना लाग्ने र सो अवधि पछि पेस गर्नेलाई दुईहजार रुपैयाँ जरिबाना लाग्नेछ। सनाखतको अवधि एक वर्षको लागि मान्य हुनेछ।

**घ. सवारी साधनको अस्थायी दर्ता दस्तुरः-**

| क्र.सं. | सवारीको वर्गीकरण | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | ठुला सवारी | निजी | १०००/- |
| | | सार्वजनिक | १५००/- |

| | | | | |
|---|---|---|---|---|
| २. | मझौला सवारी | | निजी | ८००/- |
| | | | सार्वजनिक | १२००/- |
| ३. | साना सवारी | (क) कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | निजी | ५००/- |
| | | | सार्वजनिक | १०००/- |
| | | (ख) मोटर साइकल, स्कुटर | निजी | ९००/- |
| | | | सार्वजनिक | ५००/- |

**स्पष्टीकरण :** सरकारी, पर्यटक सवारी र संस्थानको सवारी साधनको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

**ङ. विदेशमा दर्ता भएका सवारी साधन चलाउने अनुमतिपत्र दस्तुरः-**

| क्र.सं. | सवारीको वर्गीकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | ठुला सवारी र मझौला सवारी | ३०००/- |
| २. | साना सवारी | २०००/- |

**च. सवारी साधनको दर्ता प्रमाणपत्र नवीकरण दस्तुरः-**

| क्र.सं. | सवारीको वर्गीकरण | | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|---|
| १. | ठुला सवारी | | निजी | ५००/- |
| | | | सार्वजनिक | ८००/- |
| २. | मझौला सवारी | | निजी | ४००/- |
| | | | सार्वजनिक | ५००/- |
| ३. | साना सवारी | (क) कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | निजी | ४००/- |
| | | | सार्वजनिक | ३००/- |
| | | (ख) मोटर साइकल, स्कुटर | निजी | ३००/- |
| | | | सार्वजनिक | ५००/- |

**स्पष्टीकरण :** सरकारी, पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

**द्रष्टब्य :** सवारी साधन दर्ता गरेको मितिलाई नवीकरण गर्नु पर्ने मिति कायम हुनेछ।

**छ. सवारी साधनको नामसारी र धनीको मृत्यु भएको सवारीको नामसारी दस्तुरः-**

| क्र.सं. | सवारीको वर्गीकरण | | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|---|
| १. | ठुला सवारी | | निजी | १०००/- |
| | | | सार्वजनिक | २०००/- |
| २. | मझौला सवारी | | निजी | ८००/- |
| | | | सार्वजनिक | १५००/- |
| ३. | साना सवारी | (क) कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | निजी | ८००/- |
| | | | सार्वजनिक | १०००/- |
| | | (ख) मोटर साइकल, स्कुटर | निजी | ५००/- |
| | | | सार्वजनिक | १०००/- |

<u>**स्पष्टीकरण**</u> : सरकारी, पर्यटक सवारी र संस्थानको सवारी साधनको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

**ज. बाटो इजाजतपत्र दस्तुर (नवीकरण समेत, अर्धवार्षिक):-**

| क्र.सं. | दुरी (कि.मि.) | सवारीको वर्गीकरण | |
|---|---|---|---|
| | | ठुला र मझौला बस मिनिबस आदि (रु.) | ठुला र मझौला ट्रक, मिनिट्रक आदि (रु.) |
| १. | १ देखि ५० कि.मि. सम्म | ८००/- | १०००/- |
| २. | ५० भन्दा माथि १०० कि.मि. सम्म | १०००/- | १२००/- |
| ३. | १०० भन्दा माथि १५० कि.मि. सम्म | १२००/- | १४००/- |
| ४. | १५० भन्दा माथि २०० कि.मि. सम्म | १४००/- | १७००/- |
| ५. | २०० भन्दा माथि २५० कि.मि. सम्म | १५००/- | १८००। |
| ६. | २५० भन्दा माथि ३०० कि.मि. सम्म | १८००/- | २०००/- |
| ७. | ३०० भन्दा माथि ३५० कि.मि. सम्म | २०००/- | २३००/- |
| ८. | ३५० भन्दा माथि ४०० कि.मि. सम्म | २१००/- | २४००/- |
| ९. | ४०० भन्दा माथि ४५० कि.मि. सम्म | २३००/- | २६००/- |
| १०. | ४५० भन्दा माथि ५०० कि.मि. सम्म | २६००/- | २९००/- |
| ११. | ५०० भन्दा माथि ५५० कि.मि. सम्म | ३२००/- | ३३००/- |
| १२. | ५५० भन्दा माथि ६०० कि.मि. सम्म | ३३००/- | ३४००/- |

| | | | |
|---|---|---|---|
| १३. | ६०० भन्दा माथि ६५० कि.मि. सम्म | ३५००/- | ३६००/- |
| १४. | ६५० भन्दा माथि ७०० कि.मि. सम्म | ३८००/- | ३९००/- |
| १५. | ७०० कि.मि. भन्दा माथि | ४२००/- | ४३००/- |

**झ. पाँच सिटभन्दा बढी चौध सिटसम्म क्षमता भएको सार्वजनिक सवारीको लागि बाटो इजाजत दस्तुर (नवीकरण दस्तुर)ः-**

| क्र.सं. | दुरी | रकम दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | १ भन्दा माथि ५० कि.मि. सम्म | ६००/- |
| २. | ५० भन्दा माथि १०० कि.मि. सम्म | ८००/- |
| ३. | १०० भन्दा माथि १५० कि.मि. सम्म | १०००/- |
| ४. | १५० भन्दा माथि २५० कि.मि. सम्म | १२००/- |
| ५. | २५० भन्दा माथि ३०० कि.मि. सम्म | १५००/- |

**ञ. तोकिएको निश्चित बाटो वा क्षेत्रभित्र (रुट)सञ्चालनार्थ लाग्ने बाटो दस्तुरः-**

| क्र.सं. | सवारीको वर्गीकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | चौध सिट वा सोभन्दा मुनिका (मिटरवाला बाहेक) हलुका सार्वजनिकसवारी र एक टनसम्म क्षमता भएको ट्याक्टर ,पावरटिलर | ५००/- |
| २. | मिटर भएको ट्याक्सी | ५००/- |
| ३. | मिटर भएको टेम्पो | ४००/- |

**ट. जाँचपास प्रमाणपत्र तथा प्रदुषण स्टिकर तथा अन्य दरखास्त दस्तुरः-**

| क्र.सं. | सवारीको वर्गीकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | ठुला सवारी | ५००/- |
| २. | मझौला सवारी र साना सवारी | ४००/- |
| ३. | प्रदूषण स्टिकर दस्तुर | १००/- |
| ४. | डोर मुकाम दस्तुर प्रति सवारी (प्राविधिक परिक्षण कार्यालयमा गराउनु पर्ने) | २०००/- |
| ५. | चार पाँग्रे सवारी साधन लगत कट्टा दस्तुर | १०००/- |
| ६. | दुई पाँग्रे सवारी साधन लगत कट्टा दस्तुर | ५००/- |
| ७. | सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षाको | ५००/- |

| | | |
|---|---|---|
| | सि.सि.टि.भि रेकर्ड हेर्ने दस्तुर | |
| ८. | पटके बाटो इजाजत दस्तुर प्रति ५० कि.मि. को लागि दस्तुर | १५०/- |

**ठ. यातायात सेवाको नाम पञ्जिकृत दस्तुरः-**

| क्र.सं. | पुँजी | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | रु. १५ लाखभन्दा कमको लागि | १०००/- |
| २. | रु. १५ लाखभन्दा बढी रु. ५० लाखभन्दा कमको लागि | २५००/- |
| ३. | रु. ५० लाखभन्दा बढी जतिसुकै भएपनि | ४०००/- |

<u>**नोटः**</u> तर थप गर्न प्रति सवारी साधन साना सवारी पाँचसय रुपैयाँ, मझौला सवारी एकहजार रुपैयाँ र ठुला सवारी साधन एकहजार पाँचसय रुपैयाँ लाग्ने छ।

**ड. यातायात सेवा सञ्चालित गर्ने अनुमतिपत्रको नवीकरण दस्तुरः-**

| क्र.सं. | पुँजी | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | रु. १५ लाखभन्दा कमको लागि | १०००/- |
| २. | रु. १५ लाखभन्दा बढी रु. ५० लाखभन्दा कमको लागि | ३०००/- |
| ३. | रु. ५० लाखभन्दा बढी जतिसुकै भएपनि | ५०००/- |

<u>**नोटः**</u> तर थप गर्न प्रति सवारी साधन साना सवारी पाँचसय रुपैयाँ, मझौला सवारी एकहजार रुपैयाँ र ठुला सवारी साधन एकहजार पाँचसय रुपैयाँ लाग्ने छ।

**ढ. शिक्षण केन्द्र, कारखाना, वर्कशप सञ्चालित अनुमतिपत्र दस्तुर र नवीकरण दस्तुरः-**

| क्र.सं. | पुँजी | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | रु. २ लाखभन्दा कमको लागि | १०००/- |
| २. | रु. २ लाखभन्दा बढी रु. ५ लाखभन्दा कमको लागि | १५००/- |
| ३. | रु. ५ लाखभन्दा बढी रु. १० लाखभन्दा कमको लागि | २५००/- |
| ४. | रु. १० लाख देखि माथि जतिसुकै भएपनि | ४०००/- |

**ण. सवारी साधन बिक्री शोरुम र रिकन्डिशन हाउस सञ्चालित अनुमतिपत्र दस्तुर र नवीकरण दस्तुरः**

| क्र.सं. | स्थिर पुँजी | अनुमतिपत्र दस्तुर (रु) | नवीकरण दस्तुर (रु) |
|---|---|---|---|
| १. | रु. ३ करोडसम्म (साना उद्योग) | ७०००/- | ३५००/- |

| | | | |
|---|---|---|---|
| २. | रु. ३ करोडदेखि १० करोडसम्म (मझौला उद्योग) | १०,०००/- | ५०००/- |
| ३. | रु. १० करोडदेखि माथि (ठूला उद्योग) | ३०,०००/- | १५,०००/- |

**त. विद्युतीय सूचना प्रणाली राईड सेयरिङ्ग सेवा दिने संस्था दर्ता तथा नवीकरण शुल्कः-**

| **क्र.सं.** | **सेवाको लागि प्रयोग गर्ने सवारी साधनको किसिम** | **दर्ता/अनुमति शुल्क** | **नवीकरण शुल्क (प्रतिवर्ष)** |
|---|---|---|---|
| १. | दुई पाङ्ग्रे मात्र | रु. २५,०००/- | रु. १२,५००/- |
| २. | चार पाङ्ग्रे मात्र | रु. ५०,०००/- | रु. २५,०००/- |
| ३. | दुई पाङ्ग्रे र चार पाङ्ग्रे दुवै | रु. ७०,०००/- | रु. ३५,०००/- |

**क्र.सं. ३. विविध**

| **सि.नं.** | **विवरण** |
|---|---|
| १. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको नाउँमा दर्ता भएको सवारी साधनलाई भाडामा दर्ता भएको सवारी साधनमा लाग्ने सरह कर लाग्ने छ। तर पर्यटक सवारी र संस्थानको नाउँमा दर्ता भएका सवारी साधनको हकमा निजी सवारी साधन सरह कर लाग्नेछ। |
| २. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहद्वारा सञ्चालित विद्युतीय सवारी साधनमा भाडामा दर्ता भएको सवारी साधनमा लाग्ने सरह कर लाग्ने छ। पेट्रोलियम पदार्थ बाहेक अन्य ईन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा प्रचलित कानून बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ। |
| ३. | सुरु पैठारी मितिले एक बर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ। तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन। तर यस्तो सुविधा कार्यालयको प्राविधिकले प्राविधिक परीक्षण प्रतिवेदनको आधारमा हुनेछ। |
| ४. | कुनै व्यक्ति वा संस्थाको नाउँमा दर्ता भएको सवारी साधन दुर्घटनाका कारण विग्रिई सञ्चालनमा आउन नसक्ने भनी यातायात क्षेत्र हेर्ने मन्त्रालयले प्रमाणित गरेमा प्रयोगमा नआएको अवधिको सवारी साधन कर लाग्ने छैन। तर त्यस्तो सवारी साधन प्रयोगमा नआउनुको कारण र अवधिको सम्बन्धमा स्थानीय तह र नजिकको ट्राफिक प्रहरी कार्यालयको सिफारिस अनिवार्य पेस गर्नु पर्नेछ। |

| सि.नं. | विवरण |
|---|---|
| ५. | साबिक बागमती अञ्चलमा दर्ता भई उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना बीस वर्ष नकाटेका सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढी अवधिको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप सवारी साधन कर लाग्नेछ। तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको प्रचलित कर रकमभन्दा बढी हुने छैन। |
| ६. | भाडाका बस, मिनी बस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिलाई सहुलियतको रुपमा भाडामा छुट दिए बापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन्। |
| ७. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ट रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन। यसरी अग्रिम रुपमा पाँच वर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दश प्रतिशत छुट हुनेछ। |
| ८. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन। |
| ९. | यस ऐनमा अन्य जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन। |
| १०. | दश लाख रुपैंयाभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ। |
| ११. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका एक सय पचास सी.सी. सम्मका स्कुटर (थप दुइ चक्का जडित) मा सवारी साधन कर लाग्ने छैन। |
| १२. | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालभित्रै बन्द कन्टेनरको रूपमा रूपान्तरण गरी पाऊँ भनी निवेदन दिने सवारी धनीलाई निजले बुझाउनु पर्ने सवारी कर बापत पचास हजार रूपैयाँ वा चार वर्षको सवारी साधन कर बापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ। तर यस्तो छुट सुविधा दश वर्षभन्दा पुराना ट्रकलाई दिइने छैन। |
| १३. | नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका निकायहरूले जफत गरी लिलाम बिक्री गरेका सवारी साधनको हकमा उक्त सवारी साधन जफत गरेदेखि |

| सि.नं. | विवरण |
|---|---|
| | लिलाम प्रक्रिया समाप्त नभएसम्मको अवधिको सवारी कर लाग्ने छैन। |
| १४. | प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ तथा प्रचलित कानून विपरीत ट्राफिक नियम उल्लङ्घन गरे बापत ट्राफिक प्रहरीबाट सवारी धनीहरूसँग असुल गरिने दण्ड जरिबाना बापतको रकम बागमती प्रदेशभित्रका ट्राफिक प्रहरी कार्यालयहरूले प्रदेशको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ। |
| १५. | यातायात व्यवस्था विभागबाट मिति २०७५/०६/०७ मा सार्वजनिक भाडाका यात्रुवाहक, मालवाहक सवारी साधन (ट्रक) एवं मिटर जडित ट्याक्सीको भाडादर समायोजन भए अनुसार सवारी साधनको भार वहन क्षमता र सडकको क्षमता भन्दा अधिक भार बोकेमा मालवाहक सवारीका सम्बन्धमा तराई र पहाडमा प्रति कि.मि. ४.८८ र ९.९५ ले हुन आउने रकमलाई हिसाव गरी जरिबाना असुल गर्ने। अधिक भार गणनाः Over Weight (Ton) x Distance (K.M.) x Terai Rate/Hill Rate + Fine |
| १६. | ट्राफिक कारवाहीमा परेका, विभिन्न कसुरमा नियन्त्रणमा लिइएका र सवारी धनी यकिन नभई लामो समयदेखि ट्राफिक कार्यालयको नियन्त्रणमा रहेका सवारी साधनहरूको ट्राफिक कार्यालयको समन्वयमा लगत सङ्कलन गरी सवारी धनी पत्ता लगाई निजबाट त्यस्ता सवारीको कर, शुल्क तथा जरिबाना सङ्कलन गर्ने। |
| १७. | प्रदेशभित्र सवारी साधन खरिद बिक्री गर्ने शोरुम र रिकन्डिशन हाउस सवारी साधनहरू खरिद बिक्री गर्ने उद्देश्य राखी व्यवसाय दर्ता गर्ने संस्थाले अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयमा समेत दर्ता तथा नवीकरण हुनु पर्नेछ। |
| १८. | अदालत र अन्य न्यायिक वा अर्ध न्यायिक निकायमा दशी प्रमाणको रुपमा रहेको सवारी साधनको मुद्दाको टुंगो नलागुन्जेल प्रयोगमा नआउँने हुँदा अदालत वा त्यस्तो निकायको फैसाला र आधिकारिक पत्रका आधारमा सो सवारी साधन प्रयोगमा नआएको अवधिको सवारी साधन कर लाग्ने छैन्। एक आर्थिक वर्षभन्दा कम अवधि प्रयोगमा नआएको भएमा दामाशाहीले हिसाव गर्नु पर्नेछ। |

# अनुसूची-३

(दफा ४ सँग सम्बन्धित)

## मनोरञ्जन कर

<table>
<tr><th>सि.नं.</th><th colspan="4">विवरण</th><th>करको दर</th></tr>
<tr><td>१.</td><td colspan="4">चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा दर्शकहरूलाई बिक्री गरेको प्रति टिकटमा</td><td>५%</td></tr>
<tr><td>२.</td><td colspan="4">क्यासिनोमा प्रवेश गर्ने ग्राहकबाट प्रतिव्यक्ति</td><td>रु. ५०/-</td></tr>
<tr><td>३.</td><td colspan="4">फनपार्क, वाटर गार्डेन, पार्क प्रवेशमा प्रति टिकट</td><td>३ %</td></tr>
<tr><td>४.</td><td colspan="4">सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थियटर/नाटक घर, दोहोरी साँझ, डान्सबार, नाइट क्लव, क्यासिनो, पार्क प्रवेश लगायतकामा प्रति टिकट/बिलमा फुटसल, जुम्बा, स्वीमिङ पुल, जिप लाइन, बञ्जिजम्पमा प्रति टिकट</td><td>५%</td></tr>
<tr><td rowspan="7">५.</td><td rowspan="2">विवरण</td><td rowspan="2">कार्यक्रमको विवरण</td><td colspan="3">स्थानीय तह अनुसार करको दर</td></tr>
<tr><td>महानगर/उपमहानगर पालिका</td><td>नगरपालिका</td><td>गाउँपालिका</td></tr>
<tr><td rowspan="5">मेला (सर्कस, खेल समावेश मेला, जादु, चटके)</td><td>१ दिनको</td><td>५०००/-</td><td>४०००/-</td><td>२०००/-</td></tr>
<tr><td>२ देखि ७ दिनसम्म</td><td>२५०००/-</td><td>२००००/-</td><td>१००००/-</td></tr>
<tr><td>८ देखि १५ दिनसम्म</td><td>४००००/-</td><td>३००००/-</td><td>१५०००/-</td></tr>
<tr><td>१६ देखि ३० दिनसम्म</td><td>६००००/-</td><td>४५०००/-</td><td>२००००/-</td></tr>
<tr><td>३० दिनभन्दा बढी</td><td>१०००००/-</td><td>७५०००/-</td><td>३००००/-</td></tr>
</table>

# अनुसूची-४

(दफा ६ सँग सम्बन्धित)

## कृषि आयमा कर

| सि.नं. | आयको वर्गीकरण | करको दर |
|---|---|---|
| क. | कुल आय रु .५,००,००० सम्म | शून्य दर |
| ख. | कुल आय रु .५,००,००० भन्दा माथिदेखि ५०,००,००० सम्म | १.५ प्रतिशत |
| ग. | कुल आय रु .५०,००,००० भन्दा माथि १०००००००  सम्म | १.७५ प्रतिशत |
| घ. | कुल आय रु. एक करोडभन्दा माथि | २ प्रतिशत |

१. कृषि आयमा लाग्ने कर कृषि क्षेत्र हेर्ने मन्त्रालय अन्तर्गत रहेका जिल्ला स्तरका कृषि ज्ञान केन्द्र मार्फत सङ्कलन गरिनेछ।

२. वार्षिक पाँच लाख रुपैंयाभन्दा बढीको प्रारम्भिक कृषि उपजबाट आय आर्जन गर्ने प्राकृतिक व्यक्तिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित केन्द्रमा स्वयम् कर घोषणा गरी आय विवरण र सोमा लाग्ने कर सहित पेस गर्नु पर्नेछ। यसरी पेस हुन आएका विवरण तथा कर दाखिला सम्बन्धी विवरण सम्बन्धित केन्द्रले अर्को महिनाको ३० गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

# अनुसूची-५

(दफा ९ सँग सम्बन्धित)

## ढुङ्गा, गिटी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्क

| सि.न. | विवरण | इकाई | दर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | माटो *(स्वीकृत खानी क्षेत्र बाहेकमा)* | प्रति घन फिट | ३/५० |
| २. | ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा, गिट्टी, ग्राभेल, रोडा, बालुवा *(स्वीकृत खानी क्षेत्र बाहेकमा)* | प्रति घन फिट | ९/- |
| ३. | स्लेट *(स्वीकृत खानी क्षेत्र बाहेकमा)* | प्रति वर्ग फिट | ९/- |
| ४. | दहत्तर वहत्तर सामाग्रीको बिक्री मूल्यमा दश प्रतिशत शुल्क लाग्नेछ। | | |
| ५. | सि.नं. १ को माटो घाटगद्दी एवं बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) को शुल्क रु. ३।५० प्रति क्युफिट दर तोकिएकोमा धेरै मात्रामा माटो प्रयोग हुने उद्योग (जस्तो इट्टा उद्योग) हरूलाई उद्योगको क्षमताको आधारमा सम्बन्धित स्थानीय तहले वार्षिक रुपमा शुल्क निर्धारण गर्न सक्नेछ। यसरी वार्षिक शुल्क निर्धारण गर्दा जोडिएका स्थानीय तहहरूसँग समेत आवश्यक समन्वय गर्नु पर्नेछ। | | |
| ६. | व्यक्तिको निजी जग्गाबाट माटो बिक्री गर्दा जग्गा धनीले नै कति घनफिट माटो बिक्री गर्ने हो यकिन गरी सम्बन्धित स्थानीय तहमा निवेदन गर्नु पर्नेछ। सो सम्बन्धमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले निर्णय गरी वार्षिक रुपमा एकमुष्ट शुल्क लिने गरी व्यवस्था मिलाउनु पर्नेछ।<br>सार्वजनिक जग्गा तथा स्थान बाहेक व्यक्तिको स्वामित्वमा रहेको निजी जग्गाको माटो उत्खनन् गर्दा निम्न कुरामा विचार गरेर मात्र स्थानीय तहले स्वीकृत दिनु पर्नेछः | | |
| | क. साँध सिमानामा पर्ने जग्गा धनीको लिखित स्वीकृति भएको हुनु पर्नेछ,<br>ख. माटो उत्खननबाट प्राकृतिक स्रोतको दुरुपयोग, भौगोलिक संरचना, मानवीय बासस्थान, सार्वजनिक तथा व्यक्तिगत भवन लगायतको संरचना, सडक, कुलो नहर, साँध सिमानामा रहेको छिमेकीको जग्गाको संरचना आदिमा कुनै किसिमको असर नपर्ने हुनु पर्नेछ, | | |
| ७. | कानून बमोजिम चुनढुङ्गा खानीको अनुमति लिई सञ्चालनमा रहेका सिमेन्ट उद्योगलाई सि. नं. २ मा उल्लिखित चुनढुङ्गामा शुल्क नलाग्ने। | | |

# अनुसूची-६

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**नदीजन्य पदार्थ प्रशोधन गरी ढुङ्गा, गिट्टी, बालुवा, धुलो, ग्राभेल उत्पादन गर्ने उद्योगमा लाग्ने शुल्क**

| क्र.सं. | विवरण | शुल्क |
|---|---|---|
| १. | नदीजन्य पदार्थ प्रशोधन उद्योग दर्ता शुल्क रु. | |
| | क. ठूला उद्योग | १ लाख |
| | ख. मझौला उद्योग | ७५ हजार |
| | ग. साना उद्योग | ५० हजार |
| २. | नदीजन्य पदार्थ प्रशोधन उद्योग नवीकरण शुल्क (वार्षिक) | |
| | क. ठूला उद्योग | ३० हजार |
| | ख. मझौला उद्योग | २० हजार |
| | ग. साना उद्योग | १० हजार |

## अनुसूची-७

(दफा ९ को उपदफा (३) र (९) सँग सम्बन्धित)

## माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको नियमन सम्बन्धी जरिबाना

| क्र.सं. | कसुरको किसिम | दण्ड जरिबाना (रु.) |
|---|---|---|
| १. | नदीको वहाव वा पानी बगेको क्षेत्रमा प्रवेश वा उत्खनन् वा सङ्कलन गरेमा (प्रति मेशिन वा साधनको) | |
| | क. मेशिन स्काभेटर व्याक हो लोडर | २५ हजार |
| | ख. ट्रिपर वा ट्रक | १५ हजार |
| | ग. मिनी ट्रक | १० हजार |
| | घ. ट्याक्टर | ५ हजार |
| २. | विना अनुमति मेशिनरी औजार प्रयोग गरी उत्खनन् सङ्कलन गरेको पाइएमा | २५ हजार |
| ३. | तोकिएको भन्दा बढी गहिराइमा उत्खनन् गरेमा | ३० हजार |
| ४. | तोकिएकोभन्दा बढी सङ्ख्यामा मेशिन प्रयोग गरेमा (प्रति मेशिन) | २० हजार |
| ५. | विहान ६ बजे अघि र वेलुकी ६ बजे पश्चात उत्खनन् वा सङ्कलन कार्य गरेमा | क्र.सं. १ अनुसारकै दण्ड जरिबाना |
| ६. | नदीको बहाव परिवर्तन गरी उत्खनन् गरेमा (प्रति मेशिन वा साधन) | २० हजार |
| ७. | निषेधित क्षेत्रमा साधन उत्खनन् वा सङ्कलन गरेमा | ३० हजार |
| ८. | राजमार्ग र मुख्य सडकको अधिकार क्षेत्रमा सङ्कलन वा सञ्चय गरेमा | ३० हजार जरिबाना गरी प्रति घ.मी.२१ रुपैयाँ ६६ पैसा थप दण्ड |
| ९. | क्र.सं. १ देखि ८ सम्मको कसुर पुनः दोहोऱ्याएमा | तोकिएको रकममा २५ प्रतिशत थप दण्ड |
| १०. | पानी, हिलो, धुलो वा गिट्टी चुहाउंदै, उडाउंदै वा झार्दै नदीजन्य स्रोतको ढुवानी गरेमा | ३ हजार प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर |

| | | |
|---|---|---|
| | | हुंदै जाने |
| ११. | प्रत्येक पटकको ढुवानीमा राजश्व तिरेको निस्सा र चलान पुर्जा साथमा रहेको नभेटिएमा (अप्रशोधित सामाग्रीका हकमा) | ३ हजार प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुंदै जाने |
| १२. | प्रशोधित ढुङ्गा, गिट्टी, बालुवा, धुलोका हकमा प्रत्येक पटकको ढुवानी कार्यमा प्रशोधन उद्योगबाट जारी भएको छुट्टै भ्याट विल तथा चलान पुर्जा साथमा रहेको नभेटिएमा | ३ हजार प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुंदै जाने |
| १३. | निजी जग्गाको अप्रशोधित सामाग्रीको ढुवानीका हकमा स्थानीय तहले जारी गरेको उत्खनन् अनुमतिपत्र, प्रत्येक पटकको चलान पुर्जा र राजश्व तिरेको निस्सा साथमा नभेटिएमा | ५ हजार प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुंदै जाने |
| १४. | प्रचलित कानूनले अनुमति दिएको वा क्षमता भन्दा बढी ढुवानी गरेमा | ५ हजार प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुंदै जाने |
| १५. | रुट तोकिएको भए तोकिदिएको बाहेकको रुट, समय, गति वा सङ्ख्यामा ढुवानी गरेमा | ५ हजार प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुँदै जाने |
| १६. | जिल्ला अनुगमन समितिले मौज्दात प्रमाणित गर्दा खरिद बिक्री परिमाणमा हिसाव मिलान नभएर कैफियत देखिएमा सो बराबरको परिमाणमा जरिबाना | २१ रुपैयाँ ६६ पैसा प्रति घनफिट |
| १७. | खानीजन्य पदार्थको ढुवानी गर्दा प्रत्येक पटकको ढुवानीमा खानी सञ्चालक वा खानीजन्य उद्योगको चलान पुर्जा विना ढुवानी गरेमा वा तोकिएको रुटभन्दा अन्यत्रबाट उत्खनन् गरिएको पदार्थ ढुवानी गरेमा | ५ हजार प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुंदै जाने |
| १८. | नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योगले प्रचलित कानून वा मापदण्ड विपरीत क्रशिङ, वासिङ वा अन्य प्रशोधन कार्य गरेमा वा सो कार्य गर्ने उद्योग सञ्चालन गरेमा (वार्षिक दण्ड जरिबाना) | ठूला उद्योग ३० हजार<br>मझौला उद्योग २० हजार<br>साना उद्योग १० हजार |

| | | |
|---|---|---|
| १९. | कुनै निकायमा दर्ता नभई नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योग सञ्चालन गरेमा वार्षिक दण्ड जरिबाना (सुरुमिति देखि गणना हुने गरी हालसम्म) | ठूला उद्योग ३० हजार<br>मझौला उद्योग २० हजार<br>साना उद्योग १० हजार |
| २०. | कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गरेतापनि सम्बन्धित निकायबाट इजाजत नलिई नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योग सञ्चालन गरेमा वार्षिक दण्ड जरिबाना (सुरुमिति देखि गणना हुने गरी हालसम्म) | ठूला उद्योग ३० हजार<br>मझौला उद्योग २० हजार<br>साना उद्योग १० हजार |
| २१. | कम्पनी दर्ता गरी, इजाजत लिइ उद्योग सञ्चालन गरे तापनि सम्बन्धित निकायबाट इजाजत नवीकरण नगरी उद्योग व्यवसाय सञ्चालन गरेमा वार्षिक दण्ड जरिबाना (इजाजत नवीकरण नभएको वर्षदेखि गणना हुने गरी) | ठूला उद्योग ३० हजार<br>मझौला उद्योग २० हजार<br>साना उद्योग १० हजार |

## अनुसूची-८

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

**शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा र भाषा शिक्षण सञ्चालन दर्ता तथा नवीकरण शुल्क**

| क्र. सं. | दर्ता तथा नवीकरण | राजस्व दस्तुर कायम हुने समय अवधि | दस्तुर |
|---|---|---|---|
| १. | शैक्षिक परामर्श तथा भाषा शिक्षण केन्द्र दर्ता तथा अनुमति | क. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको आर्थिक वर्षभित्र अनुमति माग निवेदन पेस भएमा | रु. ५०००/- |
| | | ख. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको आर्थिक वर्षभन्दा पछिल्ला आर्थिक वर्षमा पेस हुन आएमा हरेक आर्थिक वर्षको लागि प्रति आर्थिक वर्ष | रु. ५०००/- र ढिला भएको आर्थिक वर्षको लागि प्रत्येक आर्थिक वर्ष जरिबाना रु. ५०००/- |
| २. | शैक्षिक परामर्श तथा भाषा शिक्षण केन्द्र नवीकरण | क. प्रत्येक वर्षको साउनदेखि असोज मसान्तभित्र नवीकरण दरखास्त पेस भए | रु. ५०००/- |
| | | ख. असोज मसान्तभन्दा पछि सोही आर्थिक वर्षभित्र दरखास्त पेस भए दोब्बर दस्तुर | रु. १००००/- |
| | | ग. सो अवधिभन्दा पछि प्रतिवर्ष | रु. १५०००/- |

**आज्ञाले,**
**नारायण प्रसाद शर्मा**
**प्रदेश सरकारको सचिव**

**प्रमाणीकरण मितिः २०७९।०३।२१**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. २०।-